# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी) नेपाल, साउन १५ गते, २०८० साल (अतिरिक्ताङ्क १५

## भाग ३

### लुम्बिनी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८० सालको ऐन नं ०३**

**स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा १० मा संशोधनः** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ को दफा १० को उपदफा (४) पछि देहायको उपदफा (४क) र (४ख) थपिएका छन्:-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद् वा अन्य कुनै विशेष कारणले गर्दा उपदफा (२) बमोजिमको समयावधि भित्र कुनै स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकेको पूर्वाधार वा मापदण्ड पूरा गर्न नसकेमा सोको कारण सहित पूर्वाधार वा मापदण्ड पूरा गर्ने समयावधि थप गरी पाउँ भनी त्यस्तो पूर्वाधार तथा मापदण्ड सम्पन्न गर्न मन्त्रालयबाट निर्धारित ढाँचा बमोजिमको कार्ययोजना समेत संलग्न गरी यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(४ख) उपदफा (४क) बमोजिम निवेदन परेमा मन्त्रालयले उक्त निवेदनसाथ संलग्न कार्ययोजनाको अध्ययन गरी बढीमा तीन वर्षसम्म पूर्वाधार निर्माण तथा मापदण्ड कायम गर्नको लागि समयावधि थप गर्न सक्नेछ र त्यस्तो समयावधि थपिएको संस्थाले प्रत्येक छ महिनामा मन्त्रालयमा आफ्नो कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।"

३. **<u>बचाउः</u>** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (पहिलो संशोधन) अध्यादेश, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८०।०४।१५ गते

**आज्ञाले**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय